## साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

## को

# २० औं वार्षिक साधारण सभाको काम कारवाही तथा निर्णय पुस्तिका (माइन्यूट)





### १८ पौष, २०७८

## साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय, काठमाडौं ।

# विषय-सूची


| | |
|---|---|
| १. वैधानिक सभा | १ |
| १.१. सभाको मिति, स्थान र समय | १ |
| १.२. छलफलका विषयहरु | १ |
| (क) सामान्य प्रस्ताव | १ |
| (ख) विशेष प्रस्ताव | १ |
| (ग) विविध | २ |
| २. सभाको सूचना | २ |
| ३. उपस्थिति | २ |
| ३.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु | ३ |
| ३.२ शेयरधनी(प्रतिनिधि)हरुको उपस्थिति | ३ |
| ३.३ अन्य पदाधिकारीको उपस्थिति | ३ |
| ३.४ अन्य उपस्थिति/पर्यवेक्षक | ३ |
| ४. गणपूरक सङ्ख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप) | ३ |
| ५. सभाको वैधानिकता र सभा सञ्चालन | ३ |
| ६. वार्षिक साधारण सभाको प्रस्तुती | ४ |
| ७. छलफलमा शेयरधनीहरुबाट प्रस्तुत विचार, जिज्ञासा तथा सुझावहरु | ४ |
| ८. पेश भएका सुझाव तथा जिज्ञासाहरुको जवाफ | ६ |
| ९. सभाको निर्णय | ८ |
| १०. सभा विसर्जन | १० |
| अनुसूचीहरु | १२-१३ |

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

# २० औं वार्षिक साधारण सभाको कामकारवाही तथा निर्णयपुस्तिका (माइन्यूट)

## १. वैधानिक सभा

यस वित्तीय संस्थाको मिति २०७८ मङ्सिर २४ गते बसेको सञ्चालक समितिको ४२८ औं बैठकको निर्णयानुसार वित्तीय संस्थाको २० औं वार्षिक साधारणसभा कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली बमोजिम, निम्न लिखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु छलफल गर्ने निर्णय भएको थियो ।

### १.१. सभाको मिति, स्थान र समय

(१) मिति : २०७८ पौष १८ गते (January 2, 2022) आइतबार

(२) समय : बिहान ११.०० बजे

(३) स्थान : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।

### १.२. छलफलका विषयहरु

**(क) सामान्य प्रस्ताव :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/०७८ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ एवम् बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(१) अनुसार आ. व. २०७८/७९ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने ।
(लेखापरीक्षक सी.ए. सुजन कुमार काफ्ले, सुजन काफ्ले एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्टस्लाई लेखा परीक्षण पारिश्रमिक भ्याट बाहेक रु. ३,८५,०००।– (अक्षरेपी रु. तीन लाख पचासी हजार) मात्र (सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७४ बमोजिमको संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन प्रमाणीकरण, लङ्फर्म प्रतिवेदन, कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमका प्रगति विवरण प्रमाणीकरण र कर लेखापरीक्षण समेत) उपलब्ध गराउने गरी आ.व. २०७८/७९ को लागि कम्पनी ऐन २०६३ को दफा १६५(घ) अनुसार लेखापरीक्षकमा नियुक्तिका लागि सिफारिस भइ आएको छ ।)

(४) यस वित्तीय संस्थाको आ.व. २०७७/७८ को मुनाफाबाट चुक्ता पुँजी रु. १,२५,१५,३०,९८२/०८ को १.३१५७८९४७४ प्रतिशतले हुने नगद लाभांश रु. १,६४,६७,५१२/९२ बोनस शेयरको कर प्रयोजनको लागि वितरण गर्न समितिको प्रस्ताव पारित गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चालु आ.व. २०७७/७८ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु. १,२५,१५,३०,९८२/०८ को २५ प्रतिशतले हुने रु. ३१,२८,८२,७४५/५२ बराबरको बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(२) यस वित्तीय संस्थाको प्रबन्धपत्रमा व्यवस्था भएको जारी र चुक्ता पुँजी क्रमश: रु. १,२५,१५,३०,९८२/०८ र रु. १,२५,१५,३०,९८२/०८ मा माथि विशेष प्रस्ताव नं. (१) अनुसार वृद्धि गरी जारी र चुक्ता पुँजी क्रमश: रु. १,५६,४४,१३,७२७/६० र रु. १,५६,४४,१३,७२७/६० कायम गर्ने र सोही बमोजिम मिलान गर्ने प्रबन्धपत्रको दफा ५ मा संशोधन गर्ने ।

(३) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई यस वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय (केन्द्रीय कार्यालय) मिति २०७८/०४/२२ गतेका दिन का.जि.का.म.न.पा. वडा नं. ३२, सुविधानगर, तीनकुने काठमाडौंबाट का.जि.का.म.न.पा. वडा नं. ११, बबरमहल, काठमाडौं स्थित नेपाल औषधि लिमिटेड बबरमहलको परिसरमा रहेको भवनमा स्थानान्तरण गरिएकोले यस वित्तीय संस्थाको प्रबन्धपत्रको दफा २ को उपदफा (१) र नियमावलीको नियम २ उपनियम (१) मा सोही बमोजिम हुने गरी ठेगाना संशोधन गर्ने ।

(४) नियमावलीको नियम २९ (सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था) को उपनियम (१) खण्ड (ख) र उपनियम (१) खण्ड (ग)को भाग (अ) संशोधन गर्ने ।

**(ग) विविध ।**

## २. सभाको सूचना

साधारण सभाको सूचना सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम साधारण सभा आयोजना हुनुभन्दा एक्काईस दिन अगावै साधारण सभा सम्बन्धी सूचना र कम्पनी ऐन, २०६३ दफा ८४ अनुसारका विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिका आर्थिक अभियान दैनिकमा दुईपटक (मिति २०७८/०८/२६ गते र मिति २०७८/९/२ गते) प्रकाशन गरिएको थियो । शेयर धनीहरुलाई निजहरुले यस वित्तीय संस्थालाई उपलब्ध गराएको इमेल ठेगानामा समेत सभको सूचना र संक्षिप्त आर्थिक विवरण पठाईएको थियो । नेपालभर रहेको संस्थापक शेयरधनी साना किसान कृषि सहकारी संस्थाहरु, संस्थापक शेयरधनी कृषि विकास बैंक लि., नेपल बैंक लि. र नबिल बैंक लि. लाई यस वित्तीय संस्थाको केन्द्रीय र इलाका कार्यालय मार्फत सभा, मिति र छलफल गर्ने विषयहरु खोली संक्षिप्त वार्षिक आर्थिक विवरण समेत संलग्न राखी सूचना पठाइएको थियो । कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको वार्षिक आर्थिक विवरण, दफा १०९ बमोजिम सञ्चालकको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयर धनीहरुले निरीक्षण गर्न र प्राप्त गर्न सक्ने गरी यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, काठमाडौं र वित्तीय संस्थाको वेबसाइटमा समेत राखिएको थियो ।

## ३. उपस्थिति

### ३.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

| | |
|---|---|
| १. श्री खेम बहादुर पाठक | अध्यक्ष |
| २. श्री प्रताप सुवेदी | सञ्चालक |
| ३. श्री चाँदनी ढकाल | सञ्चालक |
| ४. श्री रवीन्द्र यादव | सञ्चालक |
| ५. श्री उमेस लम्साल | सञ्चालक |
| ६. श्री भुपेश छतकुली | सञ्चालक |
| ७. श्री महेन्द्र प्रसाद श्रेष्ठ | सञ्चालक |

### ३.२ शेयरधनी(प्रतिनिधि)हरुको उपस्थिति

१. कृषि विकास बैंक लि., प्रतिनिधि श्री हिमलाल पौडेल

२. नेपाल बैंक लि., प्रतिनिधि श्री प्रतिज्ञा सुवेदी

३. नबिल बैंक लि., प्रतिनिधि श्री निरज कुमार बस्नेत

४. १४८ वटा शेयरधनी साना किसान कृषि सहकारी संस्थाहरुका तर्फबाट १४८ जना प्रतिनिधिहरु उपस्थित भई हाँजिर जनाएको ।

५. सर्वसाधारण शेयरधनीका तर्फबाट १४७ कुल शेयरधनी/शेयरधनी प्रतिनिधिहरु उपस्थित भई हाँजिर जनाएको ।

### ३.३ वित्तीय संस्थाका उच्च व्यवस्थापनको उपस्थिति

१. डा.शिवराम प्रसाद कोइराला — प्रमुख कार्यकारी अधिकृत

२. श्री झलेन्द्र भट्टराई — कम्पनी सचिव

३. डा. नवराज सिम्खडा, — नायव प्रमुख कार्यकारी अधिकृत

### ३.४ अन्य उपस्थिति/पर्यवेक्षक

१. श्री पोषणराज लामिछाने - कानूनी सल्लाहकार

२. कल्पना कुमारी बर्तौला, कम्पनी रजिष्ट्रारको कार्यालय

३. श्री खगेन्द्र भट्राई, खगेन्द्र एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्स

४. श्री रुद्र भट्राई, महाप्रबन्धक, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.

५. श्री मनोहर कडेल, नविल इन्भेष्मेन्ट कम्पनी

## ४. गणपूरक सङ्ख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कुल शेयर धनी सङ्ख्या | शेयर सङ्ख्या | उपस्थित शेयर धनी सङ्ख्या | कुल शेयर मध्ये प्रतिनिधित्व भएको शेयर सङ्ख्या | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| कृषि विकास बैंक लि. | १ | २७५४३०७.७७ | १ | २७५४३०७.७७ | १०० |
| नेपाल बैंक लि. | १ | १५१८२५.३१ | १ | १५१८२५.३१ | १०० |
| नबिल बैंक लि. | १ | ३७९५६५.२२ | १ | ३७९५६५.२२ | १०० |
| सा.कि.सहकारी संस्था लि. हरु | २३१ | ५४६०८२१.९५ | १४८ | ३८५३४२१ | ७०.५६ |
| सर्वसाधारण शेयरधनीहरु | १४,२०१ | ३७६८७८९.५८ | १४७ | ३८५५७ | १.०२ |
| **जम्मा** | १४,४३५ | १२५१५३०९.८३ | २९८ | ७१७७६७६.३० | ५७.३५ |

## ५. सभाको वैधानिकता र सभा सञ्चालन

५.१ कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम यस सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक सङ्ख्या बाँडफाँट भएको कुलशेयर सङ्ख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयर धनीको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम वित्तीय संस्थाका २० औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाँजिरी पुस्तिकामा हाँजिरी जनाउने शेयरधनीको सङ्ख्या २९८ भएको र कुल शेयरको ५७.३५ प्रतिशत प्रतिनिधित्व भएको एवम् ऐनको दफा ६८ बमोजिम प्रत्येक सञ्चालक साधारण सभामा स्वयम् उपस्थित भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक सङ्ख्या पुगेको र प्रचलित कम्पनी कानूनअनुसार सभा वैधानिक हुने

जानकारी गराए पश्चात सभाले कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा गर्न मञ्जुर गरेको थियो ।

५.२ कम्पनी ऐन, २०६३ को दफा ७४(१) र यस वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनी सचिवले वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षज्यूलाई सभाको अध्यक्षता गर्नको लागि अनुरोध गर्नु भएपछि वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकले सभापतिको आसन ग्रहण गर्नुभयो । तत् पश्चात सामूहिक राष्ट्रिय गान भएको थियो र दीप प्रज्वलन गरी अध्यक्षबाट कार्यक्रम समुद्घाटन भएको थियो ।

५.३ साधारण सभामा उपस्थित शेयरधनीहरुलाई अध्यक्षको सहमतिबाट प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले वित्तीय संस्थाका गतिविधि, हालसम्मको उपलब्धी र भविष्यका कार्यक्रमहरु माथि प्रकाश पार्दै स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

५.४ पूर्व निर्धारित छलफलका विषयहरु उपर छलफल तथा निर्णयार्थ सभा सञ्चालन गर्न सभाका अध्यक्षबाट अनुमती भए पश्चात साधारण सभाको कार्यक्रम प्रारम्भ भयो ।

## ६. वार्षिक साधारण सभाको प्रस्तुती

६.१ सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयर महानुभावहरुलाई स्वागत एवम् अभिवादन गर्दै पूर्वनिर्धारित छलफलको विषय सूची अनुसार आ.व.२०७७/०७८ को सञ्चालक समितिको प्रतिवेदन सभामा पढेर सुनाउनु भयो ।

६.२ अध्यक्षको प्रतिवेदन प्रस्तुत भए पश्चात् कम्पनी सचिवले इच्छुक शेयर महानुभावहरुलाई सञ्चालक समितिको प्रतिवेदन एवम् लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ असार मसान्तको वासलात र मिति २०७७/०४/०१ देखि २०७८/०३/३१ सम्मको नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल एवम् आ-आफ्नो विचार, जिज्ञासा, सुझावका लागि आह्वान गर्नुभयो ।

## ७. छलफलमा शेयरधनीहरुबाट प्रस्तुत विचार, जिज्ञासा तथा सुझावहरु

छलफलको क्रममा शेयरधनी एवम् शेयरधनी वक्ताहरुले व्यक्त गर्नुभएको लिखित तथा मौखिक विचार, जिज्ञासा तथा सुझावहरुलाई तल संक्षेपमा प्रस्तुत गरिएकोछ ।

- **नरसिंहलाल कसजु :** वार्षिक प्रतिवेदनले वित्तीय संस्थाको राम्रो प्रगति औंल्याएको छ । लगानीकर्ताको लागि राम्रो प्रतिफलको प्रस्ताव गर्न सक्षम सबै पक्षलाई धन्यवाद छ । RISK, Credit, NPL, Assets Turnover, Assets Quality Management मा संस्था सफल भएको देखिन्छ । NPL, ROA, ROE Ratio प्रवर्द्धन भएको छ । शाखाहरुको सुशासन कायम गर्न र व्यवसाय प्रवर्द्धनमा संस्था सफल छ । व्यवस्थापन सूचना प्रणाली राम्रो देखिन्छ । प्रति कर्मचारी आम्दानीको सूचकाङ्कमा सुधार गर्नु पर्छ । अन्त्यमा, प्रस्तुत सबै प्रस्तावमा मेरो समर्थन छ । धन्यवाद !
- **श्री डमरुबल्लभ घिमिरे :** उपस्थित सबैलाई सम्बोधन गर्नु भयो । पहिलेको नाम "साना किसान विकास बैंक" नै उत्तम थियो । अहिले लघुवित्त भएको छ, के गर्नु नियम मान्नै पर्छ । २० वर्षमा संस्थालाई सफल बनाउन मेहनत गर्ने सबैलाई बधाई एवम् धन्यवाद छ । समयभित्रै २० औं साधारण सभा गरेकोमा धन्यवाद छ । मैले यसै संस्थाका विज्ञहरुबाट सहकारी सिकेको हुँ । अनुभवी र दक्ष जनशक्ति यस संस्थामा काम गर्नुहुन्छ । संस्थाले केन्द्रीय कार्यालयका लागि घरजग्गा व्यवस्था गर्न नसकेकोमा दुःख लागेको छ । त्यही भवन परिसरमा साधारणसभा गर्न पाए कति गौरव होला ! प्रतिस्पर्धाको समय छ । अझै छिटोछरितो काम गर्न अनुरोध छ । ठूला बैंकको सबैले कुरा गर्छन् । सानालाई हेर्ने यो वित्तीय संस्था अझ सफल होस् । व्यवस्थापन सह्रानीय छ । वार्षिक प्रतिवेदनको हार्डकपी अलि अघि हामीलाई दिनुभयो भने अझ राम्रा सुझाव दिन पाइन्थ्यो । यो संस्था लघुवित्तमा छुट्टै पहिचान कायम गर्न सफल छ । यस्तो महामारीको

अवस्थामा पनि लगानीकर्तालाई बोनस शेयर र नगद गरी राम्रो प्रतिफल २६.२५ प्रतिशत दिन सक्षम भएकोमा सम्वद्ध सबैलाई बधाई र धन्यवाद दिन चाहान्छु । साधारण सभा आगामी दिनमा अझै छिटो गर्नपर्ला । सबैलाई धन्यवाद !

- **श्री शिव प्रसाद पौडेल :** साधारण सभा असोज कार्तिक भित्र गरौं । आज पनि सभा निर्धारित समयभन्दा अलिकति ढिलो शुरु भयो । समयमा गरौं । एनपीएल कम राख्न सकेकोमा धन्यवाद छ । नेपाल सरकारबाट धेरै कार्यक्रम आएको छ । किसानले बिमाको समयमा दावी भुक्तानी पाएको छ की छैन ? त्यसमा बिचार पुऱ्याउनु पर्ला । प्रतिवेदनको हार्ड कपी हामीलाई अलि अघि दिनु भएको भए राम्रो हुन्थ्यो । अर्को वर्ष अझबढी प्रतिफल दिन सकोस्, शुभकामना छ । घर जग्गा व्यवस्था गर्न मेरो पनि सुझाव छ । संस्थाले साना किसान लगानीकर्ता सबैलाई ध्यान दिएको छ । अन्तमा अर्को वर्ष अझ बढी प्रतिफल दिन सकोस् । वित्तीय संस्थाको व्यावसायिक सफलताको लागि शुभकामना !
- **श्री कृष्ण प्रसाद अधिकारी :** यो कम्पनी अत्यन्त राम्रो छ । अरु ठूला बैंकले दिन नसकेको २६ प्रतिशत प्रतिफल यसले दिएको छ । प्रतिवेदन राम्रो र ठूलो छ । अंग्रेजी भाषा नराख्दा राम्रो हुन्छ । अरु बैंकले पनि नेपालीमा नै प्रतिवेदन लेख्छन् । झन् साना किसानको बैंक भन्ने अनि अंग्रेजीमा प्रतिवेदन बनाउने ? म शुभकामना मात्र दिन आएको हुँ ।
- **श्री गुणराज भट्ट :** मेरो सबैमा नमस्कार छ । प्रतिवेदन प्रसस्तै छापिएको छ । हामीलाई पठाइएन । धेरैले यो छापेर फाल्छन् । तपाईहरु नफाल्नु होला । एकै दिन धेरै कम्पनीको साधारण सभाले हामी शेयर धनीलाई भाग लिन समस्या परेको छ । साधारण सभा किन जुधाउनु ? दिने क्षमता अनुसारको प्रतिफल दिनुपर्छ । अंग्रेजीमा प्रतिवेदन तयार नर्गनु होला ।
- **नारायण प्रसाद श्रेष्ठ :** प्रतिवेदन अलि अघि पाउन पाए सुझाव हामीले अलि बढी दिन पाउथ्यौं । किसानहरुले मल बिऊ पाएनौं भन्ने कुरा आएको छ । ब्याजदर कसरी निर्धारण हुन्छ ? भन्ने कुरा स्पष्ट प्रतिवेदनमा राख्दा बुझ्न सजिलो हुन्छ र बढी भयो भन्ने गुनासो आउदैनथ्यो । २५ प्रतिशत प्रतिफल राम्रो हो तर लगानीलाई नगद लाभांशले पनि संबोधन गर्दा शेयर टर्नओभर र मार्केट प्राइस सकारात्मक हुन्छ । फ्रयाक्सन शेयरको नपुग रकम सम्बन्धितबाट लिएर त्यस्तो शेयर नरहने व्यवस्था गर्नपर्छ । प्रतिवेदन राम्रो छ । किसानहरुको राम्रो आस्था भएको संस्था, उनीहरुको अपेक्षा पुरागर्ने किसिमले काम गर्न सक्नुपर्छ । किसानहरुले दुःख पाएका छन् । समस्या छ । यो समस्यालाई ध्यानमा राखेर कार्यक्रम सफल बनाउँदै जाओस्, शुभकामना ।
- **शिव कुमार वर्मा :** धान र बिऊविजनको नपाउने समस्या बाँके जिल्लाको लागि पिडादायक अनुभव छ । सहज व्यवस्था गर्न सोच्नु पर्छ । इजरायल जाने विद्यार्थीका लागि गोला प्रथा अव्यवहारिक छ । यो हटाउनु पर्छ । कृषि प्रविधि सहयोग जुटाउन आवश्यक छ ।
- **राजेन्द्र प्रसाद सापकोटा** (साना किसान सहकारी संस्था लि. बेलबारी मोरङ) : साना किसान सहकारीले लगानी गर्ने ब्याजदर बढी भएकोले हाम्रो राम्रो सदस्यहरु बाहिरिने अवस्था छ । ब्याजदरमा केही हेरिदिए हुन्थ्यो । लगानीमा राम्रो प्रतिफल खोज्नु राम्रै हो । तर ब्याज पनि घटाउँदा राम्रो हुन्छ । वित्तीय संस्थाको शेयर नपाएको साना किसान सहकारी संस्थालाई कसरी दिन सकिन्छ । यो जाडोमा साधारण सभा नगरी भदौ असोजमा गर्न सकिन्छ की ? इजरायल जाने उमेरको हद बढाउन राम्रो हुन्छ की ? कम उमेरकाले स्थिर भएर कृषि कर्म गर्न सकेका छैनन् ।
- **हरि प्रसाद पौडेल** (प्रतिनिधि साना किसान कृषि सहकारी विरेन्द्रनगर चितवन) प्रमोटर शेयरको लकिङ्ग कति हो । संविधानले समाजवादको व्यवस्था गरेको छ । मुलुकलाई समृद्धिको दिशामा लान हामीले सोच्नु पर्छ । ब्याजदरमा हामी सजग हुनुपर्छ । प्रदेश

सरकारको कर्जा आम्दानीको हिसाबले खर्च धान्न सक्ने अवस्था छैन । संस्थालाई यसमा राहत प्रदान गर्ने भुमिकाको लागि अनुरोध छ ।

- **नारायण सुन्दर श्रेष्ठ :** बोनस शेयर मात्र दिँदा शेयर अरु बैंक वित्तीय संस्थाको जस्तै धेरै हुने हो की ? साथै अक्सनमा लिएको शेयरको अहिलेसम्म लाभांश किन पाएको छैन । तसर्थ यस्ता कुरामा विचार पुऱ्याउनु पर्ला ।

## ८. पेश भएका सुझाव तथा जिज्ञासाहरुको जवाफ

छलफलमा भाग लिने सम्पूर्ण शेयरधनीहरुलाई धन्यवाद दिँदै त्यहाँ उठेका जिज्ञासाहरुको जवाफ अध्यक्ष श्री खेम बहादुर पाठक र केही प्रश्नहरुको जवाफ अध्यक्षज्यूको आज्ञाले प्रमुख कार्यकारी अधिकृत डा.शिवराम प्रसाद कोइराला र कम्पनी सचिव श्री झलेन्द्र भट्टराईले दिनुभएको थियो ।

### ८.१ अध्यक्ष श्री खेम बहादुर पाठकले विभिन्न जिज्ञासाहरुको प्रष्ट पार्दै भन्नु भयो -

- डम्बरुबल्लभ घिमिरेले महत्वपूर्ण सुझाव दिनु भएको छ । घरजग्गा व्यवस्था गर्ने प्रयास हामीले निरन्तर गर्दै आएका छौं । सफल हुन सकेका छैनौं । अहिले हामी सरकारको स्वामित्वको औषधी लिमिटेडको भवनमा छौं । हामी सरकारी सहयोगमा नै कार्यालय भवन व्यवस्था गर्न प्रयत्नशील छौं ।
- तेकिएको समयमा विलम्ब नगरी हामी समयमा सभा शुरु गर्न हामी तत्पर छौं । शेयरधनीको उपस्थिति समयमा भयोभने हामी सभा समयमा शुरु गर्छौ । शेयरधनीहरुको नियम अनुसारको कोरम नपुगी सभा गर्न मिल्दैन ।
- साना किसान कृषि सहकारीहरु सबैलाई यस वित्तीय संस्थाको शेयरधनी बनाउने हाम्रो प्रयत्न छ । तर कानून अनुसार पनि हुनुपर्छ । कानुन अनुसार मिलाएर हामीले त्यो व्यवस्था गर्न सक्छौं भन्ने लाग्छ ।
- इजरायल पठाउन इजरायल सरकारको नियम र यहाँहरुले छनोट गर्ने विधि हो । त्यसबाट राम्रो र सही मान्छे छान्न सकेमा भइहाल्छ । तर पठाएको विद्यार्थी फर्केर आएर काम नगर्ने र सके त्यही भाग्ने गरेको पनि छ । प्रशिक्षार्थी छनोट गर्दा यहाँहरुले नै सहि मानिस पहिचान गर्नमा कमजोरी हुने गरेकाले यो कार्यक्रमको निरन्तरता र हाम्रो इमान्दारिता माथि शङ्का उत्पन्न हुन थालेको छ ।
- बेलबारी साना किसान कृषि सहकारीबाट राजेन्द्रजीले राम्रो सुझाव दिनु भएको छ । हाम्रो ऋण महङ्गो भयो भन्नु जायज होला तर अरु बैंक वित्तीय संस्थाले दिने भन्दा कम छ । अहिले तरलता समस्याले लगानी योग्य पैसा नभएर लगानी गर्न समस्या छ । ती बैंकले कसरी हामीभन्दा सस्तो दिन्छन् ? एकदुई जनाले लिएका सुविधालाई समग्र बनाउन राम्रो नहोला ।
- बागमती प्रदेश सरकारसँगको सहकार्य गरिए जस्तै अरु प्रदेशसँग पनि सहुलियत कर्जामा सहकार्यका लागि त्यस क्षेत्रका संस्थाका नेतृत्वले प्रयास गर्न सक्नुपर्छ । तस्तो प्रयत्न हुन सकेमा सातै प्रदेशसँग हाम्रो यस वित्तीय संस्थासँगको सहकार्य हुनसक्छ ।
- हामीले नेपालमा कृषिमा लगानी गर्ने वैकल्पिक संस्थाको रुपमा यस वित्तीय संस्थालाई होशियारीपूर्वक रुपान्तरण गर्नपर्ने भएको छ ।
- सहकारी कानून अनुसार दर्ता भएका संस्थाले कम्पनी कानून अनुसार दर्ता भएको वित्तीय संस्थाको शेयर पाउने व्यवस्था गर्न कानुनी जटिलता छ ।
- एकातिर यसका एकथरी शेयरधनी ब्याज घटाउन पर्छ भन्नुहुन्छ अर्कोतिर सर्वसाधारण लगानीकर्ता प्रतिफल बढी खोज्नु हुन्छ । त्यस्तै सरकार सस्तोमा सेवा देऊ भन्छ । यो कुरामा सन्तुलन मिलाएर हामी अघि बढीरहेका छौं ।
- मलबिऊको व्यवस्था गर्न हामी सरकार र सम्बन्धित पक्षसँग निरन्तर छलफल गरिरहेका छौं ।

- अर्को पटक हामी अझै अघि नै साधारण सभा गर्ने प्रयास हाम्रो हुनेछ । प्राप्त सुझावहरुलाइ मनन गरी त्यसको कार्यान्वयन गर्न हामी प्रतिवद्ध छौँ । आगामी दिनमा प्राप्त सुझावहरु अनुसार कमिकमजोरीहरु सच्याएर जान प्रयत्नशील हुन्छौँ ।
- त्यति कठिन जिज्ञासाहरु आएनन् । हाम्रो प्रतिवेदन यहाँहरुले सहर्ष स्वीकार गरिदिनु भएकोमा उपस्थित शेयरधनी महानुभावहरु प्रति आभारी छु ।
- शेयरधनी महानुभावहरुलाई बस्न सहज र कम खर्चिलो होस् भन्ने हाम्रो मनासाय हो । यहाँहरुलाई परेको असुविधाका लागि क्षमा  चहान्छु । नेपाल राष्ट्र बैंकको निर्देशन, हाम्रो नीति नियम, कम्पनी र बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून भित्र रही सम्भाव्यता हेरेर शेयरधनीहरुको सभामा भाग लिने सुविधाका सम्बन्धमा उपयुक्त निर्णय लिइने नै छ ।

८.२ वित्तीय संस्था व्यवस्थापनसँग सम्बन्धित केही जिज्ञासा तथा सुझावहरुका सम्बन्धमा सभाध्यक्षको अनुमतिमा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत डा.शिवराम प्रसाद कोइरालाबाट सभा समक्ष दिइएको जवाफ यस प्रकार रहेको छ :

- सभामा गहनतम सुझावहरु प्रस्तु भएका छन् । आगामी दिनमा वित्तीय संस्थाका काम कारबाही अघि बढाउने सन्दर्भमा यी महत्वपूर्ण सुझावहरुलाई मध्यनजर गरी अघि बढाउँदा वित्तीय संस्थाको कारोवारको गुणस्तरीय विस्तारमा सघाऊ पुग्ने समेत लागेको छ । महत्वपूर्ण सुझावहरुको पालना गरिनेछ । हामी कृषिको रुपान्तरण गर्ने लक्ष्यका साथ अघि बढेका छौँ ।
- हामीले सरकारी तथा गैर सरकारी संघ-संस्थाहरुसँग सहकार्य गर्दै आएका छौँ । हामीलाई नेपाल सरकार लगायत अन्य विकास साझेदारहरुले विश्वास गर्नु भएको छ । गत २०७८ असारमा सीप परियोजनाको शोधभर्ना आउन बाँकी थियो । अहिले उक्त रकम प्राप्त भई चुक्ता समेत भइसकेको छ । अक्सन शेयरको लाभांस हामीले दिइसकेका छौँ । वित्तीय संस्थालाई व्यवसाय विस्तार गर्न अझै शेयर बढाउनु पर्ने भएकोले बोनस शेयर दिएका हौँ ।
- ब्याजदर कम हुनुपर्छ भन्ने भनाई ठिक हो तर यसले संस्था नबाँच्ने गरी अवैज्ञानिक ढङ्गले ब्याज घटाउन भएन । बजारले ब्याजदर निर्धारण गर्दछ । मिल्न सक्ने गरी साना किसानलाई कम ब्याज पर्ने, संस्थालाई दिगो बनाउने र शेयरधनीहरुलाई उचित प्रतिफल दिने गरी सन्तुलित कारोबार व्यवस्थापन गरेका छौँ । संस्था दिगो बनाउन र टिकाउन आवश्यक आम्दानी गर्नुपर्ने हुन्छ । हामीले नेपाल सरकार, एडीबी, आइएफएडी जस्ता संस्थाहरुसँग समेत ऋण तथा अनुदान सहयोग पाएका छौँ । हाम्रो संस्थाले दिएको ऋणको ब्याजदरभन्दा कममा अरुले दिएका छैनन् भन्ने लाग्दछ । तर, नयाँ संस्था र साना संस्थालाई मार्जिन कम भएको छ भन्ने हामीले महसुश गरेका छौँ ।
- हामीले ५ वर्षे रणनीति योजना बनाएका छौँ । आउने ५ वर्षमा ६ अर्ब इक्वीटी पुऱ्याउने हाम्रो लक्ष्य छ । अझ धेरै व्यवसाय विस्तार गर्ने हाम्रो चाहना हो । तसर्थ, बोनस शेयरमा हामीले जोड दिएका हौँ ।
- नेपाल सरकारको अनुदान सहयोगबाट पशुधन सुरक्षण गरेको हो । किन मान्यता दिँदैनन् त्यो कुरा हामी बुझ्छौँ ।
- हामी पनि किसानलाई सहुलियत दिनपर्छ भन्ने मान्यता राख्छौ । वित्तीय संस्थाको वित्तीय सूचकाङ्कहरु सकारात्मक छन् । शेयरधनीहरुले राख्नु भएको जिज्ञासा र सुझावहरु अनुकरणीय छन् ।
- साधारण सभा छिटै गर्न प्राप्त सुझाव कार्यान्वयन गर्न हामी प्रयत्नशील छौँ । हाम्रो क्यापीटल एडिक्वेसी र चुक्ता पुँजी राम्रो छ । प्राप्त सुझावहरु पालना गर्न हामी प्रतिवद्ध छौँ । साना किसानमा सेवा पुऱ्याउन हामी सधैँ सजग छौँ । हामीलाई नेपाल सरकार लगायत राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थारुले समेत विश्वास गरेका छन् । सहुलियत

कर्जाका लागि प्रयत्नशिल रहदै आएका छौँ । वित्तीय सुचकहरुका आधारमा हामीलाई अरुले विश्वास गर्ने अवस्थामा छ। नाफा र सेवा विस्तारको मागलाई सन्तुलन मिलाएर लान चुनौति छ तर हामी मिलाएर लान प्रतिवद्ध छौँ ।

८.३ कम्पनी सचिव तथा कायममुकायम नायव प्रमुख कार्यकारी अधिकृत श्री झलेन्द्र भट्टराईबाट भएका क्रियाकलाप :

- सभामा उद्घोषक र सहजकर्ताको कार्य सम्पादन गर्दै छलफल सत्रमा जिज्ञासा राख्ने शेयरधनीहरुको नामावली संकलन गरी क्रमबद्ध रुपमा आफ्नो भनाई राख्न मञ्चमा बोलाउनु भएको थियो । प्रतिवेदनमा अरु एनआरएफएस बाहेकका कुराहरु नेपालीमा नै भएको जानकारी गराउनु भयो । सभा सम्बन्धी विषयहरुमा शेयरधनीहरुबाट राखिएको जिज्ञासाहरु सम्बोधन गर्नुभएको थियो । अध्यक्षज्यूबाट अनुमति दिइएका प्रस्तावहरु छलफल तथा स्वीकृतिका लागि प्रस्तुत गर्नु भएको थियो ।

## ९. सभाको निर्णय

छलफलमा उठेका जिज्ञासाहरुको जवाफ दिने क्रम सकिएपछि छलफलको विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नका लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने गरी सर्वसम्मत निर्णय भएको कुरा सभाका अध्यक्षले कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम घोषणा गर्नुभयो :

### (क) सामान्य प्रस्ताव

***प्रस्ताव नं. १. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०७७/७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।***

निर्णय : अध्यक्षको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन उपर छलफल पश्चात पारित गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

***प्रस्ताव नं. २. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/०७८ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गर्ने ।***

निर्णय : लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७७/७८ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गरिदिन सभामा पेश भएको प्रस्ताव माथि छलफल भई उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

***प्रस्ताव नं. ३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७८/७९ को लेखा परीक्षण कार्यका लागि लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।*** (लेखापरीक्षक CA Sujan Kumar Kafle, Sujan Kafle & Associates, Chartered Accountants लाई लेखा परीक्षण पारिश्रमिक भ्याट बाहेक रु. ३,८५,०००।– ( अक्षरेपी रु. तीन लाख पचासी हजार) मात्र (सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७४ बमोजिमको संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन प्रमाणीकरण, लङ्गफर्म प्रतिवेदन, कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमका प्रगति विवरण प्रमाणीकरण र कर लेखापरीक्षण समेत) उपलब्ध गराउने गरी आ.व. २०७८/७९ को लागि कम्पनी ऐन २०६३ को दफा १६५(घ) अनुसार लेखापरीक्षकमा नियुक्तिका लागि सिफारिस भइ आएको छ ।)

निर्णय : यस वित्तीय संस्थाको आ.व.२०७८/७९ को लागि लेखापरीक्षण गर्न लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा सभामा प्रस्तुत प्रस्ताव उपर छलफल हुँदा लेखापरीक्षक CA Sujan Kumar Kafle, Sujan Kafle & Associates, Chartered Accountants लाई लेखा परीक्षण पारिश्रमिक भ्याट बाहेक रु. ३,८५,०००।– (अक्षरेपी रु. तीन लाख पचासी हजार) मात्र (सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७४ बमोजिमको संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन प्रमाणीकरण, लङ्गफर्म प्रतिवेदन, कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमका प्रगति विवरण प्रमाणीकरण र कर लेखापरीक्षण समेत गर्ने गरी) उपलब्ध गराउने गरी आ.व. २०७८/७९ को लागि लेखापरीक्षक नियुक्त गर्न सर्वसम्मतिबाट पारित भयो ।

***प्रस्ताव नं. ४ यस वित्तीय संस्थाको आ.व. २०७७/७८ को मुनाफाबाट चुक्ता पुँजी रु. १,२५,१५,३०,९८२/०८ को १.३१५७८९४७४ प्रतिशतले हुने नगद लाभांश रु. १,६४,६७,५१२/९२ बोनस शेयरको कर प्रयोजनको लागि वितरण गर्न समितिको प्रस्ताव पारित गर्ने ।***

निर्णय : सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७७/०७८ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु.१,२५,१५,३०,९८२/०८ को १.३१५७८९४७४ प्रतिशतले हुने नगद लाभांश रु. *१,६४,६७,५१२/९२* ( अक्षेरेपी एक करोड चौसठ्ठी लाख सतसठ्ठी हजार पाँचसय बाह्र रुपियाँ बयानब्बे पैसा मात्र) नगद लाभांश (कर प्रयोजनका लागि) प्रदान गर्ने सम्बन्धमा छलफल हुँदा उक्त नगद लाभांस प्रदान गर्न सर्वसम्मतिले स्वीकृति प्रदान गर्ने निर्णय भयो ।

## (ख) विशेष प्रस्ताव :

***विशेष प्रस्ताव नं. १ सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चालु आ.व. २०७७/७८ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु. १,२५,१५,३०,९८२/०८ को २५ प्रतिशतले हुने रु. ३१,२८,८२,७४५/५२ बराबरको बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।***

निर्णय : सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७७/७८ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयर धनीहरुलाई चुक्ता पुँजी रु. *१,२५,१५,३०,९८२/०८* को २५ प्रतिशतले हुने रु. *३१,२८,८२,७४५/५२* ( अक्षरेपी एकतीस करोड अठाइस लाख बयासी हजार सातसय पैतालिस रुपैयाँ बाउन्न पैसामात्र) बराबरको बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्तावमाथि छलफल भई सर्वसम्मतिबाट पारित भयो ।

***विशेष प्रस्ताव नं. २ यस वित्तीय संस्थाको प्रबन्धपत्रमा व्यवस्था भएको जारी र चुक्ता पुँजी क्रमशः रु. १,२५,१५,३०,९८२/०८ र रु. १,२५,१५,३०,९८२/०८ मा माथि विशेष प्रस्ताव नं (१) अनुसार वृद्धि गरी जारी र चुक्ता पुँजी क्रमशः रु. १,५६,४४,१३,७२७/६० र रु. १,५६,४४,१३,७२७/६० कायम गर्ने र सोही बमोजिम मिलान गर्न प्रबन्धपत्रको दफा ५ मा संशोधन गर्ने ।***

निर्णय : यस वित्तीय संस्थाको प्रबन्धपत्रमा व्यवस्था भएको जारी र चुक्ता पुँजी क्रमशः रु. *१,२५,१५,३०,९८२/०८* र रु. *१,२५,१५,३०,९८२/०८* मा माथि विशेष प्रस्ताव (१) अनुसार वृद्धि गरी जारी र चुक्ता पुँजी क्रमश रु. *१,५६,४४,१३,७२७/६०* र रु. *१,५६,४४,१३,७२७/६०* कायम गर्ने र सोही

बमोजिम मिलान गर्न प्रबन्धपत्रको दफा ५ मा संशोधन गर्ने प्रस्ताव प्रस्तुत भई छलफल हुँदा सर्वसम्मतिबाट पारित भयो ।

***विशेष प्रस्ताव नं. ३ नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई यस वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय (केन्द्रीय कार्यालय) मिति २०७८/०४/२२ गतेका दिन का.जि.का.म.न.पा. वडा नं. ३२, सुविधानगर, तीनकुने काठमाडौंबाट का.जि.का.म.न.पा. वडा नं. ११, बबरमहल, काठमाडौँ स्थित नेपाल औषधि लिमिटेड बबरमहलको परिसरमा रहेको भवनमा स्थानान्तरण गरिएकोले यस वित्तीय संस्थाको प्रबन्धपत्रको दफा २ को उपदफा (१) र नियमावलीको नियम २ उपनियम (१) मा सोही बमोजिम हुने गरी ठेगाना संशोधन गर्ने ।***

निर्णय नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई यस वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय ( केन्द्रीय कार्यालय) मिति २०७८/०४/२२ गतेका दिन का.जि.का.म.न.पा. वडा नं. ३२, सुविधानगर, तीनकुने काठमाडौंबाट का.जि.का.म.न.पा. वडा नं. ११, बबरमहल, काठमाडौँ स्थित नेपाल औषधि लिमिटेड बबरमहलको परिसरमा रहेको भवनमा स्थानान्तरण गरिएकोले यस वित्तीय संस्थाको प्रबन्धपत्रको दफा २ को उपदफा (१) र नियमावलीको नियम २ उपनियम (१) मा सोही बमोजिम हुने गरी ठेगाना संशोधन गर्न सर्ब सम्मतीले स्वीकृति प्रदान गर्ने निर्णय भयो ।

***विशेष प्रस्ताव नं. ४ नियमावलीको नियम २९ (सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था) को उपनियम (१) खण्ड (ख) र उपनियम (१) खण्ड (ग) को भाग (अ) संशोधन गर्ने ।***

निर्णय सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वित्तीय संस्थाको नियमावलीको नियम २९ (सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था) को उपनियम (१) खण्ड (ख) र उपनियम (१) खण्ड (ग) को भाग (अ) संशोधन गर्ने सम्बन्धमा छलफल हुँदा सर्वसम्मतिले स्वीकृति प्रदान भयो ।

## (ग) विविध :

***विविध प्रस्ताव : नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।***

निर्णय नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा छलफल हुँदा यसै साधारण सभाको निर्णय कार्यान्वयनको सिलसिलामा नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा प्रस्तावित संशोधनका विषयमा सामान्य संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने भनी सर्वसम्मतले निर्णय भयो ।

## १०. सभा विसर्जन

१.१. साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गर्ने बेहोरा सभालाई जानकारी गराईयो ।

१.२. सभाको अन्त्यमा सम्पूर्ण शेयरधनी महानुभाव एवम् सभामा प्रत्यक्ष परोक्षरुपमा सहयोग गर्नु हुने सबैमा सभाका अध्यक्ष श्री खेम बहादुर पाठकले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

१.३. छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभाका अध्यक्ष श्री खेम बहादुर पाठकले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा सबै प्रति आभार व्यक्त गर्नु भयो । यो कोरोनाका महामारी र मध्य पुषको ठण्डीका बिच पनि यति राम्रो सहभागिताबाट यो सभा सम्पन्न गर्न पाउनु हाम्रो अहोभाग्य हो भन्नु हुँदै यो २० औं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिनुका साथै सभा सफलतापूर्वक सम्पन्न गर्नमा पुऱ्याउनु भएको सहयोग र सक्रिय सहभागिताको लागि शेयरधनी महानुभावहरुमा साथै सभा सफलतापूर्वक सम्पन्न गर्न प्रत्यक्ष वा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने सबैमा धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन गर्नुभयो ।

.......................... ..............................

**(झलेन्द्र भट्टराई)**
कम्पनी सचिव

**(खेम बहादुर पाठक)**
अध्यक्ष

पौष १८, २०७८

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को

## २० औं वार्षिक साधारण सभामा पेश भएको प्रबन्धपत्र संशोधन सम्बन्धी प्रस्तावको तीन महले

| सि.नं. | दफा | उप दफा | खण्ड | हालको व्यवस्था | संशोधनको लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|---|---|
| १ | २ | १ | - | यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती प्रदेश, काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ३२ मा रहनेछ । | यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती प्रदेश, काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ११ मा रहनेछ । | मिति २०७८/३/२९ मा नेपाल राष्ट्र बैङ्कको स्वीकृती लिई मिति २०७८/०४/२२ गतेका दिन यस वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय (केन्द्रीय कार्यालय) का.जि.का.म.न.पा. वडा नं. ३२, सुविधानगर, तीनकुने काठमाडौंबाट का.जि.का.म.न.पा. वडा नं. ११, बबरमहल, काठमाडौँ स्थित नेपाल औषधि लिमिटेड बबरमहलको परिसरमा रहेको भवनमा स्थानान्तरण गरिएकाले संसोधन गर्नुपरेको । |
| २ | ५ | - | (ख) | वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पुँजी रु. १,२५,१५,३०,९८२.०८ (अक्षरेपी एक अर्ब पच्चीस करोड पन्ध्रलाख तीस हजार नौसय बयासी रुपैयाँ आठ पैसा मात्र) हुनेछ । | वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पुँजी रु. १,५६,४४,१३,७२७.६० (अक्षरेपी एक अर्ब छपन्न करोड चौवालीस लाख तेह्र हजार सात सय सत्ताईस रुपैयाँ साठी पैसा मात्र) हुनेछ । | आ.व. २०७७/७८ मा प्रदान गरिने बोनस शेयर थप हुन गई कायम हुने जारी तथा चुक्ता पुँजी मिलान गर्नुपर्ने भएकोले । |
| ३ | ५ | - | (ग) | वित्तीय संस्थाको तत्काल चुक्ता पुँजी रु. १,२५,१५,३०,९८२.०८ (अक्षरेपी एक अर्ब पच्चीस करोड पन्ध्रलाख तीस हजार नौसय बयासी रुपैयाँ आठ पैसा मात्र) | वित्तीय संस्थाको तत्काल चुक्ता पुँजी रु. १,५६,४४,१३,७२७.६० (अक्षरेपी एक अर्ब छपन्न करोड चौवालीस लाख तेह्र हजार सात सय सत्ताईस रुपैयाँ साठी पैसा मात्र) हुनेछ । | |

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को

## २० औं वार्षिक साधारण सभामा पेश भएको नियमावली संशोधन सम्बन्धी प्रस्तावको तीन महले

| सि. नं. | नियम | उप नियम | खण्ड | हालको व्यवस्था | संशोधनको लागि प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|---|---|
| १. | २ | (१) | - | यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती प्रदेश, काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं ३२ मा रहनेछ । | यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती प्रदेश, काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं ११ मा रहनेछ । | मिति २०७८/३/२९ मा नेपाल राष्ट्र बैङ्कको स्वीकृती लिई मिति २०७८/०४/२२ गतेका दिन यस वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय (केन्द्रीय कार्यालय) का.जि.का.म.न.पा. वडा नं. ३२, सुविधानगर, तीनकुने काठमाडौँबाट का.जि.का.म.न.पा. वडा नं. ११, बबरमहल, काठमाडौँ स्थित नेपाल औषधि लिमिटेड बबरमहलको परिसरमा रहेको भवनमा स्थानान्तरण गरिएकाले संसोधन गर्नुपरेको । |
| २. | २९ | (१) | (ग) को (अ) | काठमाडौँ उपत्यका बाहिरबाट सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा वा वित्तीय संस्थाको कामको सिलसिलामा काठमाडौँ आउँदा वा काठमाडौ उपत्यका बाहेक अन्यत्र वित्तीय संस्थाको काजमा खटिइ जाँदा दैनिक भत्ता रु.२,५००/- दरले उपलब्ध गराइने छ । | काठमाडौँ उपत्यका बाहिरबाट सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा वा वित्तीय संस्थाको कामको सिलसिलामा काठमाडौँ आउँदा वा काठमाडौँ उपत्यका बाहेक अन्यत्र वित्तीय संस्थाको काजमा खटिइ जाँदा यस वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतले पाएसरहको दैनिक तथा भ्रमण भत्ता तथा अन्य खर्च, सुविधा उपलब्ध गराइने छ । | वित्तीय संस्थाको सञ्चालकको भ्रमण तथा सो सिलसिलामा हुने अन्य खर्च, सुविधा सम्बन्धी व्यवस्था स्पष्ट गर्नुपर्ने भएकोले । |